नेपाल सरकार

# शान्ति तथा पुनर्निर्माण मन्त्रालय

(योजना तथा कार्यक्रम समन्वय शाखा)

प.सं.: ०७२/७३
च.नं.: ३६

सिंहदरबार, काठमाण्डौ
नेपाल

नेपाल सरकार
शान्ति तथा पुनर्निर्माण मन्त्रालय
सिंहदरबार, काठमाडौं
२०६३

मिति : २०७२/११/१३

श्री सबै स्थानीय शान्ति समितिहरु ।

बिषय : निर्णय कार्यान्वयन सम्बन्धमा ।

प्रस्तुत बिषयमा राष्ट्रिय योजना आयोगको सचिवालयको च.नं. ७१/१३२८ मिति २०७२/११/११ को पत्रानुसार जिल्ला स्तरीय बजेट सीमा तथा मार्गदर्शन अनुरुप वार्षिक कार्यक्रम जिल्लास्थित बिषयगत कार्यालयहरुबाट सहभागितामूलक योजना पद्दति अनुसार संचालन गर्न तपसिल बमोजिमका निर्णयहरु लेखि पठाईएकोमा सोको कार्यान्वयनका लागि आदेशानुसार अनुरोध छ ।

<u>तपसिल</u>

१. बिषयगत मन्त्रालयहरुले चौध तहको सहभागितामूलक योजना तर्जुमा पद्दतिमा प्रतिकूल असर नपर्ने गरी क्षेत्रीय योजना तर्जुमा गोष्ठीको आयोजना गर्ने ।

२. सबै बिषयगत मन्त्रालयहरुले सहभागितामूलक योजना तर्जुमा प्रक्रियामा मातहतका कार्यालयहरुलाई ९ चरणदेखि १३ चरणसम्म सहभागिताका लागि पत्राचार गर्ने ।

३. जिल्लास्थित विषयगत कार्यालयहरुबाट बार्षिक विकास कार्यक्रम सहभागितामूलक योजना पद्दति अनुसार तर्जुमा गरि जिल्ला परिषदबाट अनिवार्य रुपमा स्वीकृत गराई सोको कार्यान्वयन , अनुगमन ,सहजीकरण प्रतिबेदनको समीक्षा प्रत्येक ४/४ महिनामा जिल्ला विकास समितिले गर्ने र सोको प्रतिबेदन राष्ट्रिय योजना आयोगमा पेश गर्ने ।

( नरेन्द्र परियार )
शाखा अधिकृत